# खाँडाचक्र नगरपालिकाको विनियोजन ऐन २०७९

## खाँडाचक्र नगरपालिकाको आर्थिक वर्ष २०७९/०८० को सेवा र कार्यहरुको लागि स्थानीय सञ्चित कोषबाट केही रकम खर्च गर्ने र विनियोजन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन

,पेश मिति: २०७९/०३/१०

**प्रस्तावनाः**

खाँडाचक्र नगरपालिकाको आर्थिक वर्ष २०७९/२०८० को सेवा र कार्यहरुको लागि सञ्चित कोषबाट केहि रकम खर्च गर्ने अधिकार दिन र सो रकम विनियोजन गर्न वाञ्छनीय भएकोले, नेपालको संविधानको धारा २२९ को उपधारा (२) बमोजिम खाँडाचक्र नगरपालिकाको नगरसभाले यो ऐन बनाएको छ।

१. **संक्षिप्त नाम र प्रारम्भः**

(१) यस ऐनको नाम खाँडाचक्र नगरपालिकाको विनियोजन ऐन, २०७९ रहेको छ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ।

२. **आर्थिक वर्ष २०७९।०८० को निमित्त सञ्चित कोषबाट रकम खर्च गर्ने अधिकारः**

१) आर्थिक वर्ष २०७९।०८० को निमित्त नगर कार्यपालिका, वडा समिति, विषयगत शाखाले गर्ने सेवा र कार्यहरुका निमित्त चालु खर्च, पूँजिगत खर्च वित्तिय व्यवस्थाको रकम समेत गरी जम्मा रकम रु ६०६३९३४२९/-(अक्षरेपी साठी करोड त्रिसट्ठी लाख त्रियानब्बे हजार चार सय उनान्तीस रुपैयाँ मात्र) मा नबढाई निर्दिष्ट गरिए बमोजिम सञ्चित कोषबाट खर्च गर्न सकिने छ।

**३. विनियोजनः**

(१) यस ऐनद्वारा सञ्चित कोषबाट खर्च गर्न अधिकार दिइको रकम आर्थिक वर्ष २०७९।०८० को निमित्त खाँडाचक्र नगर कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरिनेछ।

२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएता पनि कार्यपालिका, वडा समिति, र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरेको रकम मध्ये कुनैमा बचत हुने र कुनैमा अपुग हुने देखिन आएमा नगर कार्यपालिकाले बचत हुने शीर्षकबाट नपुग रकमको २५ प्रतिशतमा नबढ्ने गरी कुनै एक वा एक भन्दा बढी शिर्षकहरुबाट अर्को एक वा एक भन्दा बढी शिर्षकहरुमा रकम सार्न तथा निकासा र खर्च जनाउन सकिनेछ। पूँजिगत खर्च तर्फ विनियोजित रकम अन्य चालू खर्च शीर्षक तर्फ सार्न सकिने छैन।

३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भएता पनि एक शीर्षकबाट सो शीर्षकको जम्मा स्वीकृत रकमको २५ प्रतिशत भन्दा बढ्ने गरी कुनै एकवा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न परेमा नगर सभाको स्वीकृति लिनु पर्नेछ।

४) यस ऐन बमोजिम विनियोजन गरिएको रकम मध्ये शिक्षा, स्वास्थ्य, पशु सेवा र कृषि विकास, महिला तथा वालवालिका लगायत क्षेत्रमा विनियोजित रकमलाई विषयगत शाखाबाट विस्तृत कार्यक्रम तयार गरी खर्च गर्न सकिने छ।